


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक ११ गते बुधबार ❑ 28 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## कांग्रेसभित्र गुट होइन, सबैलाई समेटेर अघि बढ्नुपर्छ : सभापति थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीभित्रको तिक्तता बिर्सेर सबैलाई समेट्दै संस्थागत रूपमा अघि बढ्नुपर्ने बताउनुभएको छ।

शक्ति र सत्ता प्राप्तिमा मात्र केन्द्रित हुनु तथा सुशासन दिन नसक्नु कांग्रेसका कमजोरी भएको उल्लेख गर्दै उहाँले कमजोरी स्वीकार गरेर सुधारको बाटोमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो। नेपाली कांग्रेस गण्डकी प्रदेश समिति अन्तर्गतको बीपी स्मृति पुस्तकालयले मंगलबार पोखरामा आयोजना गरेको सम्मान कार्यक्रममा बोल्दै सभापति थापाले पार्टीभित्र गुटबन्दी अन्त्य गरी एकता, सहकार्य र जिम्मेवारी बाँडफाँटको संस्कार विकास गर्नुपर्ने बताउनुभएको हो। "जित्नेले पाँच वर्षका लागि नेतृत्व लिन्छ भने तिक्तता बिर्सेर सबैलाई समेट्नुपर्छ । पार्टीभित्र सबैले स्पेस पाउनुपर्छ । आफ्नै साथीसँग बसेर संवाद गर्न नसक्ने प्रवृत्ति राम्रो होइन," उहाँले भन्नुभयो। थापाले कांग्रेस आफ्ना



कमजोरीबाट भाग्ने नभई तिनलाई स्वीकार गर्दै सच्याएर अघि बढ्नुपर्ने बताउनुभयो।

शासन व्यवस्थामा सुधार, सुशासनको प्रत्याभूति र जनतासँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्नु पार्टीको प्राथमिकता हुनुपर्ने उहाँको भनाइ थियो । उहाँले कांग्रेसमा आबद्ध चार पुस्तालाई समेट्दै नयाँ पुस्ता, महिला तथा सबै जातजाति र समुदायलाई अवसर दिनुपर्ने बताउनुभयो। पार्टीभित्रको प्रतिस्पर्धापछि पराजित भएका नेता तथा कार्यकर्तालाई पनि उचित जिम्मेवारी दिएर अघि बढाउनुपर्ने उहाँले उल्लेख गर्नुभयो। १५औँ महाधिवेशनपछि पार्टीबाट टाढिएका तथा असन्तुष्ट बनेका नेता-कार्यकर्तालाई पुनः जोड्न संवाद अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिँदै थापाले आगामी मंसिरमा एक महिनासम्म जनतासँग जोडिने अभियान चलाउन नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभययो । कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पनि कांग्रेसभित्र एकता र पुस्तान्तरण आवश्यक रहेको बताउनुभयो । उहाँले पार्टीका नीति, कार्यक्रम र उपलब्धि जनतासमक्ष प्रभावकारी रूपमा पुऱ्याउन नसक्नु कमजोरी भएको उल्लेख गर्दै नयाँ अनुहारलाई अवसर दिनुपर्ने धारणा राख्नुभयो। सभापति थापा र मुख्यमन्त्री पाण्डेले पार्टीलाई एकताबद्ध बनाउँदै आगामी निर्वाचनका चुनौती सामना गर्न संगठन सुदृढीकरण र जनतासँगको सम्बन्ध विस्तारमा जोड दिनुभएको थियो।

सभापति थापाले नेपाली कांग्रेसमा रहेर विशिष्ट योगदान पुर्याउनुभएका गण्डकी प्रदेशका ११ जिल्लाका एक/एक जनालाई सम्मान गर्नुभएको थियो।

सम्मातिन हुनेहरुमा नवलपुरका सुमित्रादेवी खनाल, गोरखाका राममणि धिताल, लमजुङका नवीन बानियाँ, तनहुँका झपटबहादुर केसी, मनाङका पेम्बा दोर्जे लामा, कास्कीका कृष्णबहादुर कुँवर, स्याङ्जाका शालिकराम न्यौपाने, पर्वतका बलभद्र शर्मा, बागलुङका हरिप्रसाद श्रेष्ठ, म्याग्दीका पृथ्वीमान छन्त्याल र मुस्ताङका सोनम धोर्जे विष्ट हुनुहुन्छ। उहाँहरुलाई जनही रु २५ हजारसहित सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको हो।

## गण्डकीमा असोजमा १७३ सवारी दुर्घटना, ३६ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक

गण्डकी प्रदेशमा गत असोज महिनामा भएका १ सय ७३ वटा सवारी दुर्घटनामा परी ३६ जनाको मृत्यु भएको छ।

गण्डकी प्रदेशको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पोखराले सार्वजनिक गरेको मासिक विवरणअनुसार एक महिनामा उक्त सङख्यामा सवारी दुर्घटना हुदा २ सय ९१ जना घाइते भएका छन्। दुर्घटनामा ८१ जना गम्भीर र २१० जना सामान्य घाइते भएको कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक थानेश्वर चपाईंले बताउनु भयो। दुर्घटनामा परी मृत्यु हुनेमा २२ पुरुष, सात महिला, तीन बालक र चार बालिका रहेको उहाँले उल्लेख गर्नुभयो। गम्भीर घाइते हुनेमा ५१ पुरुष, १० महिला, १० बालक र १० बालिका रहेका छन् भने सामान्य घाइते हुनेमा १ सय ३९ पुरुष, ५२ महिला, नौ बालक र १० बालिका रहेका छन् । दुर्घटनामा कुल २३४ वटा सवारीसाधन संलग्न रहेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ। असोज महिनामा भएका दुर्घटनामध्ये अधिकांश चालकको गल्तीका कारण भएको कार्यालयले दाबी गरेको छ। चालकको कारणले १४६, सवारीसाधनको प्राविधिक समस्याका कारण १२, सडक प्रयोगकर्ता वा यात्रुका कारण छ, सडकको अवस्थाका कारण पाँच र मौसमका कारण एउटा दुर्घटना भएको विवरणमा उल्लेख छ। तीव्र गति, मादक पदार्थ सेवन गरी सवारी चलाउनु, ब्रेक फेल हुनु तथा जथाभावी बाटो काट्नेजस्ता कारणले दुर्घटना बढिरहेको प्रहरी निरीक्षक चपाईंले बताउनुभयो।

ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनमाथि कारबाहीलाई पनि तीव्रता दिइएको कार्यालयले जनाएको छ। असोज महिनामा गरिएको ट्राफिक जाँचका क्रममा ११ हजार २२८ वटा कारबाहीबाट एक करोड दुई लाख ९७ हजार रुपैयाँ राजस्व सङ्कलन भएको उहाँले जनाउनु भयो । यस अवधिमा प्रहरीले दुर्घटनामा परेका २९१ जनाको उद्धारसमेत गरेको कार्यालयले जनाएको छ । चाडपर्वका बेला हुन सक्ने सवारी दुर्घटना तथा टिकटमा हुने कालोबजारी नियन्त्रण गर्न 'चाडपर्व लक्षित सुरक्षा योजना २०८३' तयार गरी कार्यान्वयनमा समेत ल्याइएको प्रहरी निरीक्षक चपाईंले बताउनु भयो।

## व्यवसायीको निधनले शोकमा वालिङ

**पोखरापत्र संवाददाता**
पोखरा, १० कार्तिक

सोमबार गुल्मीमा भएको सवारी साधन दुर्घटनाका कारण यतिबेला स्याङ्जाको वालिङ शोकमा डुबेको छ।

स्याङ्जा जिल्लाकै सफल निर्माण व्यावसायी, होटल व्यावसायी तथा सामाजिक अगुवाहरूले सवारी दुर्घटनामा निधन भएसँगै वालिङ शोकमा डुबेको हो। वालिङ- १० का निर्माण व्यवसायी दिलीपकुमार बगाले, उहाँकी धर्मपत्नी निता बगाले, वालिङ-१०का होटल व्यवसायी शिव पराजुली, वालिङ-१० का अर्का होटल व्यवसायी लोकनाथ पाण्डेको निधनले वालिङ शोकमा डुबेको हो। एउटै ठाउँका व्यवसायीहरूलाई अकस्मात् गुमाउनुपर्दा निक्कै पीडाबोध भएको वालिङ नगरउपप्रमुख कविता तिवारी गैह्रेले बताउनुभयो । दुर्घटनामा परी मृत्यु भएका छ जनामध्ये चार जना वालिङ-१० मा बसेर व्यवसाय गर्दै आएका व्यवसायीहरू गुमाउनुको पीडाले आफन्त तथा स्थानीयहरू चिन्तित छन्। गुल्मीको कालीगण्डकी गाउँपालिका-२ दभौखानीमा सोमबार गण्डकी बिएए ०२२० नम्बरको स्कार्पियो सडकबाट झण्डै २५० मिटर तल खस्दा पाँच जनाको घटनास्थलमै र एक जनाको उपचारका लागि मिर्मीस्थित कालीगण्डकी आधारभूत अस्पताल ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको थियो। घाइते तीन जनाको अहिले पाल्पा र पोखराका अस्पतालमा उपचार भइरहेको छ।

## एक महिनामा अन्नपूर्ण क्षेत्रमा ३३ हजार पर्यटक भित्रिए

**पोखरापत्र संवाददाता**
गण्डकी, १० कार्तिक

गत असोज महिनामा ३२ हजार ९६३ विदेशी पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेका छन् । जसमध्ये दक्षिण एसियाली मुलुकका १२ हजार ६४५ र अन्य देशका २० हजार ३१८ पर्यटक रहेका छन्।

गत वर्षको सोही अवधिको तुलनामा यस वर्ष दुई हजार ४१६ पर्यटक बढी आएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रविन कडरियाले बताउनुभयो। गत वर्ष असोजमा ३० हजार ५४७ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका थिए। चालु आवमा सबैभन्दा बढी पर्यटक असोजमा भित्रिएका हुन् । भदौमा १७ हजार ९१३ र साउनमा २६ हजार ५९१ पर्यटक आएका थिए । असोज, कात्तिक मुख्य पर्यटकीय याम भएकाले योबेला पर्यटक आगमन बढ्ने गरेको आयोजना प्रमुख डा कडरियाको भनाइ छ। आयोजना कार्यालयले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । सडक मार्ग भएर बर्सेनि ठूलो सङ्ख्यामा आन्तरिक पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रने गरेका छन्। शरद याम पदयात्राका लागि उत्तम मानिने हुँदा यसक्षेत्र पदयात्रा रूचाउने पर्यटकको रोजाइमा पर्ने गरेको छ। यो याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढ्ने गरेको छ । आयोजना प्रमुख डा कडरियाका अनुसार अनुसार दसैं र तिहारको बीचमा पदयात्रामा जाने बढी हुन्छन् । सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ । प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले यस क्षेत्रलाई पर्यटकले रूचाउने गरेका हुन् । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ। अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा समेटिएका छन् । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, आतिथ्यता र सेवा सुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट मानिन्छ।

## लोकतन्त्रको रक्षा र रूपान्तरणमा तरुणको भूमिका महत्वपूर्ण छ: महामन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
दमौली, १० कार्तिक

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले लोकतन्त्रको रक्षा, सुदृढीकरण र संस्थागत विकासका लागि तरुण युवाको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभएको छ।

उहाँले लोकतन्त्र सङ्कटमा परेका बेला तरुणहरूले निर्वाह गरेको भूमिका सराहनीय रहेको उल्लेख गर्दै पार्टीको सङ्गठन सुदृढीकरण र रूपान्तरणमा पनि युवाहरूले सिर्जनात्मक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।

नेपाल तरुण दलको ७४औं स्थापना दिवसका अवसरमा नेपाल तरुण दल तनहुँद्वारा मंगलबार दमौलीमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा महामन्त्री पौडेलले तरुण दललाई नेपाली कांग्रेसको मेरुदण्डको



सङ्ज्ञा दिनुभयो।

लोकतान्त्रिक आन्दोलन तथा लोकतन्त्रको रक्षाका लागि तरुणहरूले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताउँदै उहाँले आगामी दिनमा पनि लोकतान्त्रिक मूल्य, मान्यता र आदर्शको संरक्षणमा युवाहरू सक्रिय हुनुपर्ने धारणा राख्नुभयो।

नेपाली कांग्रेसले तरुण तथा युवालाई उच्च महत्व दिँदै आएको उल्लेख गर्दै पौडेलले पार्टीभित्र युवा पुस्ताको प्रतिनिधित्व बढ्दै गएको बताउनुभयो । उहाँले कांग्रेसको रूपान्तरणका लागि तणहरूले केवल सङ्गठन विस्तारमा मात्र सीमित नभई नयाँ सोच, विचार र सिर्जनात्मक कार्यक्रममार्फत पार्टीलाई जनतासँग जोड्नुपर्ने बताउनुभयो। पार्टीमा भएका सुधारका प्रयास र परिवर्तनलाई जनतासमक्ष पुऱ्याउनुपर्नेमा जोड दिँदै महामन्त्री पौडेलले पार्टीभित्र भएका सकारात्मक परिवर्तनबारे जनतालाई बुझाउन सके कांग्रेसप्रतिको विश्वास थप बलियो बनाउन सहयोग पुग्ने धारणा राख्नुभयो । कार्यक्रममा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य चिनु पोख्रेलले पार्टीभित्र एकता आवश्यक रहेको बताउनुभयो । त्यस अवसरमा पार्टीका केन्द्रीय सदस्य जगदीशचन्द्र पोख्रेल र दीपक भट्टराईलगायतले तरुण दलको भूमिका, पार्टी सङ्गठनको सुदृढीकरणका विषयमा धारणा राख्नुभयो।



# गतवर्षको तुलनामा दशैंमा पर्यटक आगमनमा कमी

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक




यस वर्षको वडा दशैंको अवसरमा गत बर्षको तुलनामा पोखरा क्षेत्रमा कम पर्यटक आगमन भए पनि पर्यटन व्यवसायमा थप आशा पलाएको छ।

यस वर्षको वर्षा, बाढीपहिरो र सडक अवरोधका कारण प्रभावित बनेको पोखराको पर्यटन बजारमा दसैंसँगै चहलपहल बढेसंगै हाल व्यवसायहिरुमा आशा पलाएको हो । अघिल्लो वर्षको तुलनामा पर्यटक आगमन कम रहे पनि दसैंको टीकापछि होटलमा पाहुनाको उपस्थिति बढ्न थालेसँगै पर्यटन व्यवसायीमा आशा पलाएको हो । विगतका वर्षमा दसैं आसपासदेखि नै गति लिने पर्यटन सिजन यसपटक भने प्रतिकूल मौसम र सडक सञ्जालमा देखिएका समस्याका कारण ढिलो गरी सुरु भएको व्यवसायीको भनाइ छ। मुक्तिनाथ जाने सडक खुल्दै जानु, मौसममा क्रमिक सुधार आउनु र दसैं बिदामा घुमफिर गर्नेको संख्या बढ्नुले पोखरासहित आसपासका पर्यटकीय गन्तव्यमा पुनः चहलपहल बढाएको छ।

होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीका अनुसार दसैंका बेला पोखराका होटलमा अकुपेन्सी ७५ प्रतिशतसम्म पुगेको थियो। यद्यपि, सोमबारसम्म आइपुग्दा होटल अकुपेन्सी करिब ५० प्रतिशतमा झरेको उहाँको भनाई छ । यस वर्ष दसैंको अवसरमा पोखरा घुम्न आउने पर्यटकको संख्या गत वर्षको तुलनामा करिब २५ प्रतिशत कम रहेको उहाँको आकलन छ । मुक्तिनाथ जाने सडक खुलेसँगै कात्तिकको पहिलो सातादेखि पोखरामा पर्यटकको आवागमन बढ्न थालेको सुवेदीले बताउनु भयो । अपेक्षा गरेअनुसार पर्यटक नआए पनि पछिल्लो समय देखिएको सुधारले आगामी दिनमा पर्यटन बजार चलायमान हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । पोखराका होटल व्यवसायी शिव देवकोटाले पनि दसैंको टीकादेखि कोजाग्रत पूर्णिमासम्म पर्यटकको चहलपहल उत्साहजनक देखिएको बताउनु भयो । संयोग टुरिस्ट रिसोर्टका सञ्चालक समेत रहनु भएका देवकोटाले यस वर्ष पोखरामा पर्यटक आगमन अघिल्लो वर्षको तुलनामा करिब ५० प्रतिशत कम रहेको अनुमान गर्नुभयो । दसैंपछि घुमघाममा निस्कने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्न थालेकाले आगामी दिनमा व्यवसायले गति लिने अपेक्षा गरिएको देवकोटाको भनाईछ।

पोखरामा मात्र नभई कास्कीको अन्नपूर्ण गाउँपालिकाअन्तर्गतका पर्यटकीय गन्तव्यमा पनि पर्यटकको आगमन बढ्न थालेको छ। घोरेपानीका होटल व्यवसायी तथा गाउँपालिकाका पूर्वअध्यक्ष क्याप्टेन दमबहादुर पुनका अनुसार यस वर्ष पर्यटन सिजन ढिलो गरी सुरु भएको छ। दसैंका बेला पर्यटकको चहलपहल बढे पनि गत वर्षको तुलनामा संख्या कम छ। पुनका अनुसार कात्तिक लागेसँगै पुनहिल पुग्ने पर्यटकको संख्या दैनिक दुई सयदेखि दुई सय ५० जनासम्म पुगेको छ । अघिल्ला वर्षमा यही समयमा दैनिक तीन सयदेखि पाँच सय जनासम्म पुनहिल पुग्ने गरेका थिए । असोजमा परेको अत्यधिक वर्षा तथा वीरेठाँटीदेखि घान्द्रुकसम्मका सडकखण्डलगायत विभिन्न स्थानमा भएको अवरोधले पर्यटकको आवागमन घटाएको उहाँले बताउनुभयो।

दसैंमी होटलका सञ्चालक समेत रहनु भएका पुनले वर्षा र बाढीपहिरोका कारण सडक सञ्जालमा पुगेको क्षति तथा प्रतिकूल मौसमले हिमाली दृश्यावलोकनमा समेत असर पारेको उल्लेख गर्नुभयो । कात्तिकदेखि मौसममा सुधार आउन थालेकाले घोरेपानी हुँदै पुनहिल पुग्ने पर्यटकको संख्या क्रमशः बढ्नेमा आफू आशावादी रहेको उहाँले बताउनु भयो । "यस वर्ष पर्यटन सिजन नै ढिलो गरी सुरु भएको छ। कात्तिकबाट बल्ल पर्यटकको चहलपहल बढ्न थालेको छ। अब मौसमले साथ दिएमा घोरेपानी हुँदै पुनहिल आउने पर्यटकको संख्या बढ्ने अपेक्षा गरेका छौं," पुनले भन्नुभयो। पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले पनि यस वर्ष पोखरामा पर्यटक आगमन अपेक्षाभन्दा ढिलो गरी बढ्न थालेको बताउनु भयो । उहाँका अनुसार दसैंको टीकापछि आन्तरिक, पारिवारिक, भारतीय तथा तेस्रो मुलुकका पर्यटकको आगमनमा सुधार देखिएको छ।

मनाङ, मुस्ताङ तथा कालीगण्डकी क्षेत्रका विभिन्न स्थानमा आएको बाढी र मुस्ताङ जाने सडक अवरुद्ध हुँदा असोजमा पर्यटक आगमन प्रभावित भएको भुजेलले बताए। कात्तिकको सुरुवातसँगै पर्यटकको चहलपहल बढ्न थालेकाले अब पर्यटन बजारले क्रमशः गति लिने भुजेलको विश्वास छ। "यस वर्ष पर्यटकको सिजन केही ढिलो गरी सुरु भएको छ। दसैंपछि पर्यटक आगमन बढ्न थालेको छ, जसले पर्यटन व्यवसायीमा आशा जगाएको छ। अब पर्यटकको आगमन निरन्तर बढ्ने विश्वास गरेका छौं," भुजेलले भन्नुभयो।

यसैबीच, दसैंपछि पदयात्रामा जाने पर्यटकको संख्या पनि बढ्न थालेको ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीले जनाएको छ । पोखरालाई आधार बनाएर अन्नपूर्ण क्षेत्रलगायतका पदमार्गमा जाने पर्यटकको आवागमन बढ्न थालेसँगै पदयात्रा पर्यटनमा समेत सुधारको संकेत देखिएको छ।

# पोखरा रंगशालामा युनाइटेड क्लबद्वारा ११ थान कुर्सी जडान गरी हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक




सामाजिक क्षेत्रमा सक्रिय युनाइटेड क्लब पोखराले पोखरा रंगशाला परिसरमा ११ थान कुर्सी जडान गरी जिल्ला खेलकुद विकास समिति कास्कीलाई हस्तान्तरण गरेको छ।

जिल्ला खेलकुद विकास समिति कास्कीले सञ्चालन गर्दै आएको क्लीन रंगशाला, ग्रीन रंगशाला अभियानमा सहयोग पुऱ्याउने उद्देश्यले क्लबले कुर्सी जडान गरी हस्तान्तरण संगै वृक्षारोपण गरेको हो।

गत पुसमा सम्पन्न १३औं पोखरा महोत्सवका अवसरमा युनाइटेड क्लबले जिल्ला खेलकुद विकास समिति कास्कीलाई एक लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको थियो। सोही रकमबाट रंगशाला परिसरमा ११ थान कुर्सी निर्माण तथा जडान गरिएको र हालै एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको क्लबका अध्यक्ष गणेश तिमिल्सिनाले जानकारी दिए।

अध्यक्ष तिमिल्सिनाले जिल्ला खेलकुद विकास समितिले अघि सारेको क्लीन रंगशाला, ग्रीन रंगशाला अभियानमा सानो भए पनि योगदान गर्न पाउँदा खुसी लागेको बताए । खेलकुदको विकासका लागि रंगशाला, प्यारापिट र अन्य भौतिक पूर्वाधार मात्र पर्याप्त नहुने उल्लेख गर्दै उनले रंगशालाको वातावरणसमेत स्वच्छ, सुन्दर र व्यवस्थित हुनुपर्नेमा जोड दिए । रंगशालाको वातावरण राम्रो भए खेलाडीहरूमा खेलप्रतिको उत्साह र हौसला थप बढ्ने उनको भनाइ थियो । क्लबले १३औं पोखरा महोत्सवकै अवसरमा रंगशालाको सौन्दर्यीकरणका लागि सहयोग गर्ने प्रतिबद्धताअनुसार कुर्सी जडान गरिएको बताउँदै तिमिल्सिनाले आगामी दिनमा पनि पोखरा रंगशालाको संरक्षण, संवर्द्धन र विकासका लागि क्लबको साथ र सहयोग निरन्तर रहने बताए । त्यसैगरी, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले क्लीन रंगशाला, ग्रीन रंगशाला अभियानमा युनाइटेड क्लबको सहयोग महत्वपूर्ण रहेको बताए । विभिन्न सामाजिक संघसंस्थासँगको सहकार्यमा रंगशाला परिसरमा खानेपानीलगायतका आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापनका काम भइरहेको जानकारी दिँदै गुरुङले युनाइटेड क्लबले जडान गरेका कुर्सीले रंगशालाको सौन्दर्य बढाउनुका साथै खेलाडी तथा आगन्तुकहरूलाई बस्न सहज हुने विश्वास व्यक्त गरे।

रंगशालाको सरसफाइ, सौन्दर्यीकरण र पूर्वाधार विकासलाई समितिले प्राथमिकतामा राखेको बताउँदै उनले यस्ता सामाजिक कार्यमा विभिन्न संघसंस्थाको सहयोग आवश्यक रहेको उल्लेख गरे । उनले आगामी दिनमा पनि युनाइटेड क्लबसँग सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाए । त्यस्तै जिल्ला खेलकुद बिकास समितिका कार्यालय प्रमुख डिबी नेपालीले युनाईटेड क्लबले पोखरा र नेपालका विभिन्न भागमा पुगी सामाजिक काम मार्फत आफ्नो छुट्टै पहिचान बनाउन सफल रहेको र पोखरा रंगशालामा सञ्चालित क्लीन रंगशाला क्लीन रंगशाला अभियानमा समेत साथ दिएकोमा धन्यवाद ब्यक्त गरे।

कुर्सी हस्तान्तरण कार्यक्रममा युनाइटेड क्लबका निवर्तमान अध्यक्ष लोकबहादुर थापा, पूर्वअध्यक्ष सुकबहादुर गुरुङ, वरिष्ठ उपाध्यक्ष शान्तबहादुर थापा, प्रथम उपाध्यक्ष सूर्यबहादुर बानियाँलगायतको उपस्थिति रहेको क्लबका महासचिव सन्तोष कार्कीले जानकारी दिए । सो अवसरमा रंगशाला परिसरमा वृक्षारोपण समेत गरिएको कार्कीले बताए।

# 'सरुभक्त राष्ट्रिय बालप्रतिभा पुरस्कार-२०८३'को घोषणा

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक

सरुभक्त राष्ट्रिय बालप्रतिभा पुरस्कार-२०८३ बाल सामाजिक अभियन्ता प्रेन्सा रेग्मीलाई प्रदान गरिने भएको छ।

पुरस्कार छनौट समितिको सिफारिसलाई सरुभक्त केन्द्रको कार्यसमितिले अनुमोदन गर्दै रु. पचास हजार नगद राशी सहित सम्मान-पत्रद्धारा 'सरुभक्त राष्ट्रिय बालप्रतिभा पुरस्कार' अर्पण गरिने निर्णय गरेको हो।

पुरस्कार छनौट समितिका संयोजक डा. ईश्वरमणि अधिकारीका अनुसार



प्रेन्सा रेग्मीले सानै उमेरदेखि सामाजिक क्षेत्रमा देखाउँदै आएको सक्रियता, मानवीय संवेदना तथा सामाजिक र आर्थिक रूपमा पछाडि परेका समुदायको हितमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्दै उनलाई पुरस्कारका लागि छनौट गरिएको हो । बालप्रतिभा कला, साहित्य, सङ्गीत र खेलकुदमा मात्र सीमित नभई सामाजिक चेतना, मानवीय सेवा र समाज रूपान्तरणप्रतिको प्रतिबद्धतामा पनि अभिव्यक्त हुन्छ भन्ने मान्यतालाई यस छनौटले आत्मसात् गरेको छ।

वि.सं. २०६९ साल फागुन ६ गते म्याग्दी जिल्लाको मंगला गाउँपालिका-७ मा जन्मिएकी प्रेन्सा रेग्मी हाल पोखरा-११, फूलबारीमा बसोबास गर्दै आएकी छिन् । उनी हाल पोखरास्थित गण्डकी बोर्डिङ स्कुलमा कक्षा ९ मा अध्ययनरत छिन् । सानै उमेरदेखि सामाजिक सेवामा सक्रिय प्रेन्साले समुदायमा देखिएका विभिन्न सामाजिक तथा आर्थिक समस्याको समाधानका लागि उल्लेखनीय प्रयास गर्दै आएकी छिन्।

कोभिड-१९ महामारीका कठिन समयमा उनले मास्क तथा सेनिटाइजर वितरण, विपन्न परिवारका लागि खाद्यान्न व्यवस्थापन र आवश्यकतामा परेका व्यक्तिहरूलाई कपडा उपलब्ध गराउनेजस्ता मानवीय कार्य गरेकी थिइन्। उनले लुगा बैंक स्थापना गरी विपन्न बालबालिका तथा परिवारलाई सहयोग पुऱ्याएकी थिइन् । विद्यालय जाने बालबालिकालाई शैक्षिक सामग्री उपलब्ध गराउने, विपन्न समुदायका आवश्यकतामा सहयोग गर्ने तथा सामाजिक जागरण फैलाउने कार्यमा समेत उनको सक्रियता रहेको छ। प्रेन्साले बालिका तथा महिलामाथि हुने हिंसाविरुद्ध आवाज उठाउँदै हिंसामुक्त विद्यालय तथा समाज निर्माणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएकी छिन् । बालबालिकालाई सकारात्मक सोच र सामाजिक जिम्मेवारीप्रति प्रेरित गर्ने अभियानमा उनको योगदान उल्लेखनीय छ।

बालअधिकार, महिला अधिकार, शिक्षा, स्वास्थ्य, सुशासन तथा सामाजिक न्यायजस्ता विषयमा जनचेतना अभिवृद्धि गर्ने कार्यमा पनि उनी सक्रिय छिन्। उनका सामाजिक अभियानले बालबालिकाले पनि समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् भन्ने उदाहरण प्रस्तुत गरेकी छन् । १६ वर्षमुनिका बाल प्रतिभाहरुलाई प्रदान गरिने यो पुरस्कार २०५७ सालमै स्थापित पुरस्कार हो।

बीचमा केही वर्ष रोकिएता पनि सरुभक्त केन्द्रको स्थापनासँगै वि.सं. २०८० बाट पुनः पुरस्कार वितरण गर्न थालिएको हो । यसअघि यस पुरस्कारबाट तेम्वाछिरी शेर्पा (पर्वतारोहण क्षेत्र), ज्योती थापा (नृत्य क्षेत्र) , ऋतु लामा (गायन क्षेत्र), शिखा कटुवाल (कला क्षेत्र), करुणा गुरुङ्ग (कला क्षेत्र), सिपोरा गुरुङ्ग(खेलकुद क्षेत्र), कुशल के.सी. (विज्ञान तथा प्रविधि क्षेत्र), निमा छ्याङदी शेर्पा (पर्वतारोहण क्षेत्र) र सुप्रिम मल्ल ठकुरी(गायन क्षेत्र)बाट पुरस्कृत भइसकेका छन् । सरुभक्त राष्ट्रिय बालप्रतिभा पुरस्कार-२०८३ आगामी कार्तिक २१ गते शनिबार पोखरा उद्योग वाणिज्य संघको अमृत कक्षमा आयोजना हुने विशेष समारोहमा अर्पण गरिनेछ।

**धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं**

- ❖ चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- ❖ चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- ❖ धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- ❖ एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

**सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# गजेन्द्र मोक्ष नारायण मुक्तिनाथ रथयात्रा पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक



सनातन धर्मको संरक्षण, आध्यात्मिक चेतनाको विस्तार तथा राष्ट्रिय धार्मिक र सांस्कृतिक एकताको सन्देश बोकेर प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथबाट सुरु भएको मेची-महाकाली गजेन्द्र मोक्ष नारायण मुक्तिनाथ रथयात्रा सोमबार साँझ पोखरा आइपुगेको छ।

मुक्तिनाथ मन्दिरका पीठाधीश्वर स्वामी कमलनयनाचार्य (मुक्तिनाथ बाबा)को सत्सङ्कल्पअनुसार मुक्तिनाथ मन्दिरबाट यही कात्तिक ८ गतेदेखि सुरु भएर पोखरा आइपुगेको रथयात्राका क्रममा धार्मिकस्थल विन्ध्यवासिनी मन्दिरमा विशेष कार्यक्रम गरी स्वागत गरिएको थियो । सो अवसरमा भक्तजन तथा दर्शनार्थीहरूको घुँइचो लागेको थियो । यात्रको दोस्रो दिनमा बाग्लुङको पञ्चकोट-बाग्लुङबजार-मालढुङ्गा-कुश्मा-नौडाँडा-हेमजा हुँदै विन्ध्यवासिनी मन्दिरमा स्वागत कार्यक्रम गरिएको थियो । त्यसपछि पोखरा नगर परिक्रमा गरी श्रीमुक्तिनाथ सन्तसेवाश्रम रामघाटमा रात्रि विश्राम गरिएको छ । पूर्वदेखि पश्चिमसम्मका प्रमुख धार्मिकस्थल, मठमन्दिर, आश्रम तथा तीर्थधामलाई जोड्दै आम नेपालीमा धार्मिक आस्था, आध्यात्मिक चेतना र राष्ट्रिय एकताको भावना अभिवृद्धि गर्ने उद्देश्यले रथयात्रा आयोजना गरिएको मुक्तिनाथ बाबाका उत्तराधिकारी स्वामी श्रीकृष्ण प्रपन्नाचार्यले बताउनुभयो । उहाँले कात्तिक महिनाभर रथयात्रा सञ्चालन हुने जानकारी दिनुभयो।

"रथयात्राले धार्मिक पर्यटन प्रवर्द्धन गर्नुका साथै तीर्थस्थलबीचको आपसी सम्बन्ध विस्तार, सनातन संस्कृतिको संरक्षण र आध्यात्मिक जागरणमा समेत योगदान पुऱ्याउनेछ ।" उहाँले भन्नुभयो । कात्तिक मसान्तमा रथयात्राको समापनपछि आगामी मङ्सिर १ देखि २९ गतेसम्म त्रिवेणीधाममा गजेन्द्रमोक्ष नारायण वैभव विराट महायज्ञको आयोजना गरिएको उहाँले जानकारी दिनुभयो । "ऐतिहासिक विशाल धन्याचल महायज्ञमा २५ फिट अग्लो विशाल सिद्धीस्तम्भ (मौलो) स्थापना गरिनेछ र हजारौं धान्यप्रदाताहरूबाट धान अर्पण गरी परिपूर्ण गरिनेछ । कृषकको सम्मान, कृषिको प्रवर्द्धन र सनातन संस्कृतिको संरक्षणका लागि सबै जना सहभागी हुनुहुनेछ ।" स्वायमी प्रपन्नाचार्यले भन्नुभयो।

विराट महायज्ञमा विशाल धन्याचलसहित अष्टाचल, श्रीराम अभिमन्त्रित चामलका साथमा चार वेद १८ पुराणसहित वैदिक सत्शास्त्रहरूको पारायण, हवन, कथाप्रवचन, भजन सङ्गीत, गौपूजन, दैनिक १०८ कन्यापूजन, बटुकपूजन, पाँच करोड दीपप्रज्वलन र वैदिक सनातन धर्म महासम्मेलनलगायतका कार्यक्रम राखिएको छ । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका महासचिव सुशीला बराल रेग्मीले ऐतिहासिक धार्मिक सम्पदा विन्ध्यवासिनीमा रथयात्राको स्वागत गर्न पाउँदा खुसी लागेको बताउँदै नेपालका धार्मिक तथा सांस्कृतिक सम्पदाको प्रवर्द्धनमा यसबाट टेवा पुग्ने बताउनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सचेतनासँगै पूर्व तयारी थालौं

पश्चिमी वायुको आंशिक प्रभावसँगै बंगालको खाडीमा विकसित हुने चक्रवात 'अर्नब'को समेत प्रभाव पर्ने भएकाले आगामी शुक्रबारदेखि नेपालका विभिन्न क्षेत्रमा वर्षा तथा हिमपातको सम्भावना रहेको छ । जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमानअनुसार मंगलबार र बुधबार देशका अधिकांश स्थानमा मौसम सामान्यतया सफा रहनेछ । तर, बिहीबारदेखि मौसममा क्रमिक बदलाव आउने र शुक्रबार तथा शनिबार वर्षा तथा हिमपातको सम्भावना बढ्ने देखिएको छ । विभागका अनुसार हाल कोशी, मधेश र बागमती प्रदेशमा आंशिक बदली रहे पनि बाँकी प्रदेशमा मौसम मुख्यतया सफा रहेको छ । सफा मौसमका कारण सेता हिमाल देखिने र पर्यटक लोभिने गरेका छन।यही बेला वर्षा र हिमपातको संभावना रहेको सन्देशले पर्यटन क्षेत्रमा धक्का हो। बुधबार कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा सामान्यतया बादल लाग्नेछ । कर्णाली र सुदूरपश्चिम प्रदेशमा आंशिक बदली रहने सम्भावना छ । कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भूभागका थोरै स्थानमा तथा बागमती र गण्डकी प्रदेशका हिमाली भूभागका एक-दुई स्थानमा मध्यम हिमपातको सम्भावना रहेको विभागले जनाएको छ ।

बिहीबारदेखि भने देशका विभिन्न भागमा बदली बढ्नेछ । कोशी, मधेश, बागमती, गण्डकी तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भूभागमा सामान्यतया बादल लाग्नेछ । कोशी र बागमती प्रदेशका हिमाली भूभागका केही स्थानसहित अन्य हिमाली क्षेत्रमा पनि मध्यम हिमपातको सम्भावना छ । विभागका अनुसार शुक्रबारदेखि देशका अधिकांश स्थानमा बादल लाग्नेछ । कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा तथा हिमपात हुन सक्नेछ । यी प्रदेशका केही स्थानमा भारी वर्षा तथा हिमपातको समेत सम्भावना रहेको विभागले जनाएको छ । विशेषगरी कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका हिमाली तथा पहाडी भूभागका एक-दुई स्थानमा भारी वर्षा वा हिमपात हुन सक्ने पूर्वानुमान छ । शनिबार पनि कोशी, मधेश, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बदली रहनेछ । हिमाली भूभागका अधिकांश स्थानमा बादल लाग्ने तथा केही स्थानमा वर्षा र हिमपात हुने सम्भावना छ । कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका पहाडी तथा हिमाली क्षेत्रमा केही स्थानमा भारी वर्षा वा हिमपात हुन सक्ने विभागको पूर्वानुमान छ ।

विभागले बिहीबारदेखि शनिबारसम्म देशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङसहित वर्षा तथा हिमपातको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । विशेषगरी कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली तथा पहाडी भूभागमा भारी वर्षा र हिमपात हुन सक्ने भएकाले उच्च सतर्कता अपनाउनुपर्ने विभागले जनाएको छ । वर्षा र हिमपातका कारण सडक तथा हवाई यातायात प्रभावित हुन सक्ने, दैनिक जनजीवनमा असर पर्न सक्ने र हिमाली क्षेत्रमा पदयात्रा तथा पर्यटकीय गतिविधिमा जोखिम बढ्न सक्ने भएकाले आवश्यक सावधानी अपनाउन आग्रह गरिएको छ । विभागले सम्भावित जोखिमबाट बच्न मौसमसम्बन्धी अद्यावधिक सूचना नियमित रूपमा लिन तथा सम्बन्धित निकायले आवश्यक तयारी गर्न अनुरोध गरेको छ । समयमै सचेत गराउने र पुर्व तयारी पनि त्यही अनुपातमा गर्न आवश्यक छ ।

# पोखरामा यू-१९ पुरुष राष्ट्रिय क्रिकेट टोलीको बन्द प्रशिक्षण सुरु

पोखरापत्र संवाददाता
पोखरा, १० कार्तिक

नेपाली यू-१९ पुरुष राष्ट्रिय क्रिकेट टोलीको बन्द प्रशिक्षण मंगलबारदेखि पोखरामा सुरु भएको छ ।

आगामी एसीसी पुरुष यू-१९ एसिया कप क्रिकेट प्रतियोगिताको तयारी स्वरूप टोलीको बन्द प्रशिक्षण पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सुरु भएको हो । नेपाल क्रिकेट सङ्घ (क्यान) ले प्रतियोगिताको तयारीका लागि प्रारम्भिक चरणमा २८ खेलाडी छनोट गरी पोखरा क्रिकेट मैदानमा बन्द प्रशिक्षण सञ्चालन गरेको हो ।

एसिया कप यही कात्तिक १९ देखि २८ गतेसम्म ओमानमा आयोजना हुँदैछ । टोलीले पोखरामा पाँच दिन प्रशिक्षण गर्नेछ । सो क्रममा चार वटा अभ्यास खेलसमेत खेल्ने प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो ।

पोखरामा सञ्चालन भएको बन्द प्रशिक्षणबाट खेलाडीको क्षमता र प्रदर्शन मूल्याङ्कन गरी १४ सदस्सीय अन्तिम टोली छनोट गरिनेछ । पोखरा रङ्गशालाको क्रिकेट मैदान पछिल्लो समय उमेर तथा सिनियर राष्ट्रिय टोलीको बन्द प्रशिक्षणका लागि रोजाइमा पर्ने गरेको छ । काठमाडौँस्थित क्रिकेट मैदानमा निरन्तरजस्तो प्रतियोगिता हुने गरेकाले बन्द प्रशिक्षणका लागि पोखरा छनोट पर्ने गरेको हो । "पोखराको वातावरण र यहाँको मैदानका कारणले बन्द प्रशिक्षण तथा अभ्यास खेलका लागिसमेत छनोटमा पर्ने गरेको छ । यसबाट यहाँको क्रिकेट खेल विकास र प्रवर्द्धनमा सहयोग पुगेको छ", प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सिग्देलले भन्नुभयो ।

बन्द प्रशिक्षणका लागि पोखरा आएको टोलीलाई कास्की जिल्ला क्रिकेट सङ्घका अध्यक्ष दीपेन्द्रप्रताप चन्द लगायतले पोखरा रङ्गशालामा स्वागत गर्नुभएको थियो । ओमानमा आयोजना हुने यू-१९ एसिया कपमा नेपाल समूह 'ए' मा परेको छ । यस समूहमा नेपालसँगै भारत, पाकिस्तान र संयुक्त अरब इमिरेट्स (यूएई) छन् । नेपालले पहिलो खेल कात्तिक २० गते भारतसँग खेल्नेछ ।

# म्याग्दीमा संघीय सरकारका तीन वटा कार्यालय थपिए

पोखरापत्र संवाददाता
म्याग्दी, १० कार्तिक

जिल्लामा सङ्घीय सरकारका तीन वटा कार्यालय थपिएका छन् । पूर्वाधार विकास मन्त्रालय अर्न्तगतका कार्यालयहरू जिल्लामा स्थापना भएपछि विकास आयोजना कार्यान्वयनमा सहजता हुने अपेक्षा गरिएको छ ।

सङ्घीय खानेपानी तथा ढल ब्यवस्थापन, जलस्रोत तथा सिँचाइ र स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यालय थपिएका जिल्ला समन्वय समिति, म्याग्दीका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीले जानकारी दिनुभयो ।

"पूर्वाधार विकास मन्त्रालयले म्याग्दीमा तीन वटा नयाँ कार्यालय विस्तार गर्ने निर्णय गरेर सहजिकरणका लागि समन्वय समितिलाई पत्राचार गरेको छ," उहाँले भन्नुभयो, "खानेपानी तथा ढल ब्यवस्थापन कार्यालय साविक एकाइ रहेको भवनबाट सञ्चालन हुनेछ भने अन्य दुई वटा कार्यालयका लागि भवनको खोजीमा छौँ ।" स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यक्षेत्र म्याग्दी, बागलुङ र मुस्ताङ तोकिएको छ । खानेपानी तथा ढल ब्यवस्थापन आयोजनाको कार्यक्षेत्र म्याग्दी, पर्वत, बागलुङ र मुस्ताङ रहेको छ । जलस्रोत तथा सिँचाइ आयोजनाको कार्यक्षेत्र कालीगण्डकी नदी बेसिनका जिल्लाहरू रहेका छन् । सङ्घीय खानेपानी तथा ढल ब्यवस्थापनआयोजनाको कार्यालय आर्थिक वर्ष २०८२/०८३ मा पोखरामा गाभिएर बेनीमा एकाइ मात्र रहेको थियो । सिँचाइ तथा जलस्रोत र स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यालय यसअघि बेनीमा थिएनन् । तीन वटै कार्यालयहरू यसअघि पोखरामा थिए । सडक, सहरी विकास, नदी नियन्त्रण, बस्ती संरक्षण, खानेपानी, सिँचाइसँग सम्बन्धी महत्त्वपूर्ण योजनाहरू सञ्चालन गर्ने कार्यालयहरू जिल्लामै हुँदा योजना छनौटदेखि कार्यान्वयनमा सहजता हुने कार्यवाहक जिसस प्रमुख खत्रीले बताउनुभयो । तिहार अघिनै ती कार्यालयहरू सञ्चालनमा ल्याउने तयारी भएको उहाँले बताउनुभयो ।

# मुस्ताङको स्याउ सोचेजति बिक्री हुन कठिन

पोखरापत्र संवाददाता
मुस्ताङ, १० कार्तिक

व्यापारीले केही महिनादेखि मुस्ताङको स्याउ सोचेजति बिक्री गर्न सकेका छैनन् । पूर्वमा बेनी-जोमसोम सडकमार्ग अवरुद्ध भएपछि समय सीमाभित्र स्याउ बजार पठाउन नसकेका कारण सोचेअनुसार स्याउ बिक्री हुन नसकेको हो ।

केही महिनादेखि पोखरा/काठमाडौँ लगायतका फलफूल बिक्रेताको गोदाममा मुस्ताङको स्याउ थुप्रिएका छन् । स्याउ खपत हुने मुख्य समयमा सडक अवरुद्ध भएकाले मुस्ताङको स्याउ जिल्लामै रोकिएको थियो । घटनस्थापनाको दुई दिनअघि मात्रै बेनी-जोमसोम सडकमार्ग सञ्चालन भएको थियो ।

दसैँको अन्तिम समयमा सडक सञ्चालन भएसँगै मुस्ताङको स्याउ एकैसाथ बजार पुर्याउँदा व्यापारीलाई स्याउ बिक्री गर्न समस्या परेको हो । मुस्ताङमा स्याउको व्यापार गर्दै आइरहेका धादिङ खनियाबाँस गाउँपालिका-३ का व्यापारी राजु तामाङ यसपटक भने स्याउ नबिकेर तनाबमा परेको बताउनुहुन्छ । उहाँले मुस्ताङबाट एक करोड बढी मूल्यको स्याउ खरिद गरिएको भए पनि हालसम्म आधा मात्रै बिक्री भएको छ भन्नुभयो ।

"स्याउ किसानलाई पैसा बुझाइयो, यता स्याउ नबिकेर तनाबमा परेको छु", व्यापारी तामाङ भन्नुहुन्छ, "खै लगानी कसरी उठाउने हो, दसैँ पनि स्याउ बिक्री नहुँदा राम्ररी मनाउन सकिएन ।" मुस्ताङको स्याउ एकैपटक बजारमा ल्याउनुपर्दा गोदाम र मन्डी भरिएकाले स्याउको खपत हुन नसकेको हो । मुस्ताङमा यसवर्ष स्याउको उत्पादन राम्रो भएपनि बेनी-जोमसोम सडक अवरुद्ध हुँदा यहाँको स्याउ बजारमा बिक्री हुन कठिन भएको हो । यसवर्ष मुस्ताङमा १० हजार मेट्रिकटन स्याउ उत्पादन हुने प्रक्षेपण गरिएको छ ।

विगतमा असोज अगावै मुस्ताङका स्याउ बिक्री भइसक्थ्यो । यसपाला सडक अवरुद्ध भएकाले मुस्ताङको स्याउ एकैसाथ बजार पुग्दा मूल्य र बिक्रीमा ह्रास आएको हो । यसवर्ष ७०० मेट्रिकटन स्याउ उत्पादन गर्ने लक्ष्य राखेका चिम्ले अचार्ड कृषि फार्मका सञ्चालक गुरुङले असोज महिनाभित्र सबै स्याउ बिक्री भइसक्नुपर्नेमा आधा मात्रै स्याउ बिक्री गरेको बताउनुहुन्छ ।

"दसैँसम्म आधा स्याउ मात्रै बिक्री भएको छ, ४० प्रतिशत स्याउ टिपाइ हुन बाँकी छ", किसान गुरुङले भन्नुभयो, "स्याउ खपत हुन नसक्दा बढी पाकेर स्याउ बोटबाटै झरेर नष्ट भइरहेको छ, ४०० टन जति स्याउ कोल्ड स्टोरमा राखेको छु ।"

गतवर्ष स्याउको बिक्री तथा व्यवस्थापन राम्रो भए पनि यसपाला स्याउ खपत हुने सिजन सकिन लागेकाले चिन्ता बढेको उहाँले बताउनुभयो । यसवर्ष छिटो पाक्ने स्याउ भदौ १२ र ढिलो पाक्ने स्याउ भदौ २२ गतेबाट टिपाइ गर्न पाउने जिल्लास्तरीय निर्णय गरिएको थियो ।

सोही निर्णयअनुसार हरितालिका तीज पर्वको अवसरमा २० प्रतिशत स्याउ बजार पठाउन सकिएको थियो । कृषि तथा पशु विकास कार्यालय मुस्ताङले हालसम्म ५० प्रतिशत स्याउ पोखरा-काठमाडौँ लगायतका सहरमा निकासी भएको जनाएको छ । कृषि तथा पशु विकास कार्यालय प्रमुख डा लालमणि अर्यालका अनुसार यसवर्ष सडक अवरुद्धका कारण मुस्ताङको स्याउलाई बजारीकरण गर्नमा केही समस्या परेको बताउनुभयो ।

बगैँचामा करिब ४० प्रतिशत स्याउ टिप्न बाँकी छ ।


## सार्वजनिक सूचना

लमजुङ जिल्ला बाझाखेत-६ बस्ने कुसुम गुरुङको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३० को कित्ता नं. १३२०३ को क्षेत्रफल १४९.०३ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा दक्षिण तर्फ कि.नं. ३७५४ र उत्तर तर्फ कि. नं. १६०९५ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३० को वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक हिस्तान गा.वि.स. वडा नं. ९ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ७ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५४३४९३६, देउ बहादुर पुनको श्रीमती देवीसाको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर देवीसा गर्बुजा उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर देवीसा गर्बुजा उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ७ नं. वडा कार्यालयको च.नं. १३१, मिति २०८३/०५/१६ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, म्याग्दी**

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Pli 1610013292 | रुद्रनाथ काफ्ले | पोखरा-३१, कास्की |
| २ | Uli 4170000026 | सन्तोष गिरी | पुरुन्चौर-१, कास्की |


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| ककर्ट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


"इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो,
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।"

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः २००३/१०/१० स्वर्गारोहणः २०८३/०६/३०

**स्व. रुप बहादुर गुरुङ**

शिकारी सरदार वंशु (वंश) गुरुङ स्मृति प्रतिष्ठानका सल्लाहकार सदस्य, शिक्षाप्रेमी, खेलकुदप्रेमी देश र समाजलाई शिक्षा र खेलकुदको माध्यमबाट समुन्नत बनाउनु पर्दछ भन्ने मान्यता राख्नुहुने वंशु (वंश) गुरुङको सातौं पुस्ता श्रद्धेय **स्व. रुप बहादुर गुरुङ,** माता **स्व. नन्दा सुवा गुरुङ,** पिता **स्व. कप्तान रन बहादुर गुरुङ**को जेष्ठ सुपुत्रको रुपमा मिति २००३ साल माघ १० गते जन्म भई उपचारको क्रममा मिति २०८३ आश्विन ३० गते ८१ वर्षको उमेरमा महाप्रस्थानको यात्रा तय गर्नुभएको छ । उहाँको आत्माले शान्ति पाओस, बैकुण्ठ वास होस्, भगवान् गौतम बुद्धको सामिप्यता प्राप्त गरोस् भन्दै १३औं दिनको पुण्यतिथिमा **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा **गहिरो समवेदना** व्यक्त गर्दछौं ।

अध्यक्ष तथा

**शिकारी सरदार वंशु (वंश) गुरुङ स्मृति प्रतिष्ठान**

शुक्लागण्डकी-१२, जस्पुर, तनहुँ

# दसैँ अवधिमा अन्नपूर्ण पदमार्गमा पाँच हजार ३८४ पर्यटक

**पोखरापत्र संवाददाता**
लमजुङ, १० कार्तिक

यस वर्षको दसैँ अवधिमा चक्रीय अन्नपूर्ण चक्रीय पदमार्गमा पाँच हजार ३८४ विदेशी पर्यटकले भ्रमण गरेका छन्।

यस वर्ष घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म अर्थात् असोज २५ देखि कात्तिक ८ गतेसम्म उक्त पदमार्गमा पाँच हजार ३८४ पर्यटक आएका हुन्। गत वर्ष सोही अवधिमा दुई हजार ७५७ पर्यटक आएका थिए।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को धारापानीस्थित पर्यटक जाँच तथा सूचना केन्द्रका प्रमुख भूपेन्द्र गुरुङका अनुसार यस वर्ष गत वर्षका तुलनामा दुई हजार ६२७ पर्यटक बढी आएका छन्।

उहाँका अनुसार यस वर्ष पर्यटक आगमन बढ्नुको प्रमुख कारणमध्ये मनास्लु क्षेत्रको पदमार्गमा बाढीपहिरोले पुऱ्याएको क्षति पनि एक हो। मनास्लु पदमार्गमा बाढीपहिरोका कारण आवागमन प्रभावित भएपछि त्यहाँ जाने केही पर्यटक अन्नपूर्ण पदमार्गतर्फ आएका उहाँले बताउनुभयो। यस वर्ष मौसम अनुकूल रहनु र पछिल्लो समय मानिसमा घुमफिर गर्ने संस्कृति बढ्दै जानुले पनि पर्यटक आगमनमा वृद्धि भएको उहाँको भनाइ छ। केन्द्रको तथ्याङ्कअनुसार यस वर्ष अन्नपूर्ण पदमार्गमा आएका पर्यटकमध्ये तीन हजार २८८ पुरुष, दुई हजार ९४ महिला र अन्य दुई जना छन्। त्यस्तै, सार्क राष्ट्रबाट ६०९ र गैरसार्क राष्ट्रबाट चार हजार ७७५ पर्यटक आएका छन्। तथ्याङ्कअनुसार सबैभन्दा बढी भारतबाट ६०६ पर्यटक आएका छन्। जर्मनीबाट ४३८, इजरायलबाट ४१८, फ्रान्सबाट ३६४ र संयुक्त राज्य अमेरिकाबाट ३५२ पर्यटक आएका छन्। लमजुङको बेँसीसहरबाट सुरु हुने अन्नपूर्ण चक्रीय पदमार्ग मनाङ हुँदै थोराङ्ला भञ्ज्याङ पार गरेर मुस्ताङसम्म पुग्छ। हिमाली दृश्य, प्राकृतिक सौन्दर्य, परम्परागत बस्ती र स्थानीय संस्कृतिको अवलोकन गर्न पाइने भएकाले यो पदमार्ग विदेशी पर्यटकमाझ लोकप्रिय छ।

# विदेश जाने होइन, स्वदेशमै फूल फुलाउने अठोट

**पोखरापत्र संवाददाता**
दमौली, १० कार्तिक



दमौलीका दुई युवाले सयपत्री जातका फूलखेती सुरु गर्नुभएको छ। वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्या बढिरहेका बेला उहाँहरूले भने स्वदेशमानै केही गर्ने अठोटका साथ फूलखेती सुरु गर्नुभएको छ।

व्यास नगरपालिका-४ सिमलटारमा स्थानीय गगनसिंह बस्नेत र लक्ष्य अधिकारीले दुई रोपनी जग्गामा सयपत्री फूलखेती गरेर स्थानीयस्तरमै सम्भावना खोज्ने प्रयास गर्नुभएको हो। तिहार नजिकिँदै गर्दा सिमलटारको खेतमा सयपत्री फूल ढकमक्क फुल्न थालेका छन्। पहेँलपुर फूलले खेतको दृश्य आकर्षक बनेको छ भने दुई युवालाई आफ्नो मेहनतको प्रतिफल बजारमा पुऱ्याउने चाहना छ। उहाँहरूको उद्देश्य फूल बेचेर आम्दानी गर्नुमा मात्रै सीमित छैन, स्थानीय उत्पादनको प्रयोग बढाउनु र बाहिरबाट आउने फूलको निर्भरता घटाउन सन्देश दिनु पनि हो।

बस्नेत र अधिकारीले खाली रहेको जग्गाको सदुपयोग गर्दै पहिलोपटक सयपत्री फूलखेती सुरु गर्नुभएको हो। बस्नेतले कार वास सेन्टरसमेत सञ्चालन गर्दै आउनुभएको छ। जग्गा खाली रहेको अवस्थामा त्यसलाई उपयोगी काममा लगाउने सोचले फूलखेती सुरु गरिएको बस्नेतले बताउनुभयो। तिहारजस्ता चाडपर्वमा फूलको माग बढ्ने भए पनि बजारमा बाहिरबाट ल्याइएका फूलको प्रयोग हुने गरेको देखेपछि स्थानीयस्तरमै फूल उत्पादन गर्ने सोच आएको बस्नेतको भनाइ छ। आफ्नै ठाउँमा फूल उत्पादन गर्न सकिने सम्भावना देखेर पहिलोपटक खेती सुरु गरेको उहाँले उल्लेख गर्नुभयो। "बाहिरबाट फूल आउने गरेको देख्यौँ। हाम्रो ठाउँमा पनि फूल उत्पादन गर्न सकिन्छ भन्ने लाग्यो", बस्नेतले भन्नुभयो, "बाहिरबाट आउने फूलको सट्टा स्थानीयस्तरमै उत्पादन भएको फूल प्रयोग गर्नुपर्छ भन्ने सन्देश दिन पनि हामीले खेती सुरु गरेका हौँ।" दुई रोपनी जग्गामा गरिएको खेतीबाट प्राप्त हुने उत्पादन र बजारको माग हेरेर आगामी दिनमा खेती विस्तार गर्ने योजना रहेको उहाँको भनाइ छ। पहिलो प्रयास सफल हुँदै गएमा थप जग्गामा सयपत्री फूलखेती गर्ने उहाँले बताउनुभयो।

यसले खाली जग्गाको उपयोग हुनुका साथै स्थानीयस्तरमा रोजगारी र आम्दानीको अवसरसमेत सिर्जना गर्न सक्ने उहाँको अपेक्षा छ। तिहारमा घर, मठमन्दिर र विभिन्न स्थान सजाउन सयपत्री फूलको प्रयोग गरिदै आएको छ।

यो समयमा फूलको माग बढ्ने भएकाले स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन सके किसान तथा उद्यमीलाई लाभ पुग्ने सम्भावना हुन्छ। स्थानीयस्तरमा फूल उत्पादन र उपभोग बढाउन सके बाहिरबाट ल्याइने फूलमाथिको निर्भरता कम गर्न सहयोग पुग्ने बस्नेतले बताउनुभयो।

# मुस्ताङका नागरिकलाई सहज बन्दै आँखा उपचार सेवा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १० कार्तिक

मुस्ताङमा सामुदायिक आँखा केन्द्रको सेवा प्रभावकारी बन्दै गएको छ।

करिब १५ वर्ष अघि स्थापना भएको सामुदायिक केन्द्रले मुस्ताङका ग्रामीण तथा दुर्गमक्षेत्रका नागरिकलाई सुगमको अस्पतालमा धाउनुपर्ने समस्यालाई समाधान गर्न प्रेरित गरेको छ। यहाँस्थित प्रदेश अस्पताल जोमसोममा २०६६ सालमा सामुदायिक आँखा केन्द्र स्थापना गरिएको थियो। नेपाल आँखा कार्यक्रमअन्तर्गत तिलगङ्गा आँखा प्रतिष्ठानको सहकार्यमा दृष्टिविहीनता निवारण परियोजनाको आर्थिक सहयोगमा मुस्ताङमा सामुदायिक आँखा केन्द्र स्थापना गरिएको हो। सामुदायिक आँखा केन्द्रका नेत्र अधिकृत रुमिला नेपालीका अनुसार हालसम्म केन्द्रद्वारा बीस हजारलाई आँखा परीक्षण गरी सेवा प्रवाह गरिएको छ। केन्द्रद्वारा तिलगङ्गा आँखा प्रतिष्ठानका वरिष्ठ चिकित्सकको सहभागितामा हालसम्म ५०० बढीको मोतिबिन्दु अप्रेसन गरी सेवा पुऱ्याएको उहाँले जानकारी दिनुभयो। यहाँस्थित सेवा केन्द्रले बर्सेनि दुई हजारको आँखा परीक्षण गर्ने गरेको नेत्र अधिकृत नेपालीले बताउनुभयो। केन्द्रले भौगोलिक रुपमा विकट क्षेत्रका नागरिकलाई लक्षित गरी पाँचै पालिकामा आँखासम्बन्धी सेवा पुऱ्याएको छ। आँखा रोगको पहिचान, उपचार तथा आवश्यक शल्यक्रिया मार्फत दृष्टि गुम्ने समस्या कम गर्ने र सम्भव भएसम्म दृष्टि पुनःस्थापना गर्ने उद्देश्यले संस्थाले काम गर्दै आइरहेको छ। केन्द्रले सुपथ मूल्यमा आँखा परीक्षण, औषधि तथा चश्मा उपलब्ध गराइ सेवा दिइरहेको छ। मोतिबिन्दु भएका आँखा बिरामीलाई स्क्रीन गरी लगत सङ्कलन गरी बर्सेनि उपल्लो मुस्ताङको चराङ र तल्लो मुस्ताङको जोमसोमको प्रदेश अस्पतालका शल्यक्रिया शिविर सञ्चालन हुँदै आइरहेको छ। आर्थिक अवस्था कमजोर भएका तथा ज्येष्ठ नागरिकलाई आँखाको उपचारमा सहज पहुँच पुऱ्याउने उद्देश्य राखेको उहाँले जानकारी दिनुभयो। यसैगरी, केन्द्रमा गुणस्तरीय तथा भरपर्दो सेवा प्रवाहित गर्ने आँखा परीक्षणका लागि उपकरणको समेत पर्याप्त व्यवस्था गरिएको छ। सामुदायिक स्वास्थ्य स्वंयसेविकाका लागि आँखासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। केन्द्रको समन्वयमा उपल्लो मुस्ताङको चराङमा सेवा फाउन्डेसनको सहयोगमा आँखा उपचार क्लीन सञ्चालनमा छ।

## सार्वजनिक सूचना

म्याग्दी जिल्ला पातलेखेत-४ बस्ने लक्ष्मी पाण्डे पौडेलको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ५९८० को क्षेत्रफल १४१.०९५८ (०-४-१-३) वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ५९८१ र उत्तर तर्फ कि. नं. ५९८२ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# धानखेतमा कागतीखेती, नमुना किसान बने कृष्णलाल

**रासस**
म्याग्दी, १० कार्तिक



कर्मले नै परिचय दिन्छ। सत्कर्म गर्दै जाँदा त्यसबाट अपेक्षित फल प्राप्त हुन्छ। नामसँगै दाम पनि प्राप्त हुन्छ।

यस्तै भएको छ म्याग्दीको मङ्गला गाउँपालिका-३ बरञ्जाका कृष्णलाल सापकोटालाई। जिल्लामा उहाँले नमुना किसानको पहिचान बनाउनुभएको छ। बरञ्जाको महेन्द्ररत्न माध्यमिक विद्यालयका प्रधानाध्यापक सापकोटाले धानखेती हुने खेतमा कागतीखेती विस्तार गर्नुभएको छ। सापकोटा सञ्चालक रहेको सापकोटा सुन्तला फार्ममार्फत १२ रोपनी खेतमा ६०० कागतीका बिरुवा हुर्काइएका छन्। चार वर्षअघि रोपिएका बिरुवाले फल दिन थालेका छन्। फार्ममा ३०० बिजु र ३०० कलमी बिरुवा रोपिएका छन्। कलमी बिरुवाले गत वर्षदेखि उत्पादन दिन थालेका थिए। गत वर्ष ५० किलोग्राम कागती बिक्री भएको फार्ममा यस वर्ष उत्पादन बढ्ने सापकोटाको अपेक्षा छ। कागतीखेतीको व्यवस्थापन सापकोटाले गर्दै आउनुभएको छ। वैदेशिक रोजगारीमा रहनुभएका जग्गाधनी डिलाराम कँडेल र पूर्वजग्गा धनी प्रकाश तुलाचन पनि खेतीमा साझेदार हुनुहुन्छ। जापानमा रहेका तुलाचनको योजनाअनुसार कागतीखेती सुरु गरिएको सापकोटाले बताउनुभयो।

फार्ममा उत्पादित कागती प्रशोधन गरी जापान निर्यात गर्ने लक्ष्य राखिएको छ। यसअघि उक्त खेतमा धान, मकै, कोदो र गहुँखेती गरिन्थ्यो। खाद्यान्न बालीको विकल्पमा कागतीखेती सुरु गरिएको हो। "साँझबिहान र बिदाको समयमा बगैँचामा बिताउँछु। गोडमेल, काँटछाँट र मलजलका लागि कामदार परिचालन गर्ने गरेको छु", सापकोटाले भन्नुभयो, "फलफूल खेतीप्रति आकर्षण बढाउने र यसमा सम्भावना छ भन्ने देखाउने उद्देश्यले कागतीखेती गरेको हुँ।" सापकोटा विसं २०६३ देखि व्यावसायिक सुन्तला खेतीमा पनि संलग्न हुनुहुन्छ। उहाँले सुन्तला बिक्रीबाट वार्षिक रु. पाँच लाख आम्दानी हुने बताउनुभयो। जिल्लाकै ठूलो कागती फार्म भएको उहाँको दाबी छ। सेवा निवृत्त भएपछि व्यावसायिक फलफूल खेतीलाई थप विस्तार गर्ने सापकोटाको योजना छ। सापकोटाको प्रेरणाबाट बञ्जाका किसानले पनि व्यावसायिक सुन्तलाखेती विस्तार गर्न थालेका छन्। स्थानीय बासिन्दासमेत रहनुभएका संविधानसभा सदस्य गमबहादुर श्रीसले सापकोटाले किसानलाई फलफूलखेतीतर्फ आकर्षित गर्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। उहाँले सुन्तला बगैँचा व्यवस्थापनसम्बन्धी तालिम दिँदै आउनुभएको छ।

"कृष्णलाल सरले युवा र किसानलाई सुन्तलाजात फलफूल खेतीतर्फ आकर्षित गराउन महत्वपूर्ण भूमिका खेल्नुभएको छ", श्रीसले भन्नुभयो, "मैले पनि राजनीति र सामाजिक कामबाट बचेको समय सुन्तलाखेती, बाख्रापालन र मौरीपालनमा लगाएको छु।" श्रीस अन्तरिम व्यवस्थापिका संसद् तथा संविधानसभाको पहिलो कार्यकालका सदस्य हुनुहुन्थ्यो। मङ्गला गाउँपालिकाका कृषि अधिकृत विमल रोकामगरका अनुसार नेपालमा समुद्री सतहबाट एक सयदेखि एक हजार ४०० मिटर उचाइसम्मका क्षेत्रमा कागतीखेती गर्न सकिन्छ। दैनिक आठदेखि १० घण्टासम्म घाम लाग्ने, वार्षिक ८०० देखि एक हजार मिलिमिटरसम्म वर्षा हुने र १० देखि ३५ डिग्री सेल्सियस तापक्रम रहने स्थान यसका लागि उपयुक्त मानिन्छ। पानी नजम्ने, हल्का दोमट र प्राङ्गारिक पदार्थ पर्याप्त भएको माटो कागतीखेतीका लागि उपयुक्त हुन्छ। कागती बालीमा जङ्गली जनावरबाट क्षति हुने जोखिम पनि तुलनात्मक रूपमा कम हुन्छ। नेपालमा सुनकागती-१, सुनकागती-२ र तेह्रथुम स्थानीय जातका कागतीखेती गरिँदै आएको कृषि अधिकृत रोकामगरले बताउनुभयो।

# बाढीपहिरोले पाइपलाइन बगाएपछि बेनीमा खानेपानीको समस्या

**रासस**
म्याग्दी, १० कार्तिक



म्याग्दीको सदरमुकाम बेनी बजारमा खानेपानीको अभाव हुन थालेको छ। गत असोज दोस्रो साता आएको बाढीपहिरोका कारण खानेपानी आपूर्ति गर्ने पाइपलाइनमा क्षति पुगेपछि बजारमा पानीको आपूर्ति घटेको हो।

बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष रमेश गिरीका अनुसार बेनी बजारमा प्रतिसेकेन्ड २० लिटरभन्दा बढी पानी आवश्यक पर्ने भए पनि हाल प्रतिसेकेन्ड आठ लिटरका दरले मात्र पानी आपूर्ति भइरहेको छ। संस्थामार्फत बेनी नगरपालिकाका वडा नं २, ७ र ८ का एक हजार २०० घरधुरीमा बसोबास गर्ने करिब २५ हजार जनसंख्यालाई खानेपानी वितरण हुँदै आएको छ। बाढीपहिरोका कारण अन्नपूर्ण गाउँपालिका-८ मा पर्ने डाँडाखर्क र रिठाखर्कका मुहानबाट बेनीमा पानी ल्याउने १४ किलोमिटर लामो पाइपलाइन क्षतिग्रस्त भएको छ। बेनीस्थित खोरिया र खोरेनीको पाखोमा पहिरो जान थालेपछि पाइपलाइनको मार्ग परिवर्तन गरी डल्ले पिपल-कालीपुल-बेनी चक्रपथ-दरवाङ बसपार्क क्षेत्रमा करिवतीनकिलोमिटरनयाँपाइपलाइन विस्तार गर्न थालिएको छ। "कोप्रेको मुहानबाट प्रतिसेकेन्ड तीन लिटर, वैकल्पिक अम्रेनी मुहानबाट तीन दशमलव चार लिटर र राहुपारेबाट चार लिटर पानी ल्याएर आलोपालो प्रणालीमा वितरण गरिरहेका छौँ। तर, सुक्खायाम सुरु भएसँगै वैकल्पिक मुहान सुक्न थालेकाले रिठाखर्क र डाँडाखर्कके मुहानबाट पानी आपूर्ति गराउने तयारीमा जुटेका छौँ", अध्यक्ष गिरीले भन्नुभयो, "राहुपारेसम्म पानी सञ्चालन भइरहेको पाइपलाइनको राहुपारे-गलेश्वर खण्ड पुनर्निर्माण गर्ने र बेनी बजार क्षेत्रमा नयाँ पाइपलाइन विस्तार गर्ने काम भइरहेको छ।" प्रतिसेकेन्ड २२ देखि २५ लिटरसम्म पानी आपूर्ति हुने डाँडाखर्क र रिठाखर्कका मुहानबाट पानी ल्याउने पाइपलाइन एक महिनादेखि बन्द छ। मागअनुसार पानी आपूर्ति हुन नसकेपछि बेनीको रेडक्रस मार्गका बासिन्दाले निजी मुहानबाट पानी ल्याएर उपभोग गर्न थालेका छन्। स्थानीयवासी दिनेश जिसीले आलोपालो प्रणालीबाट वितरण गरिएको पानीले नपुगेपछि निजी मुहानबाट पानी ल्याउनुपरेको बताउनुभयो। खानेपानीको अभावले बजारवासीका साथै विद्यार्थी, पेसाकर्मी र व्यवसायीसमेत प्रभावित भएका छन्। यसअघि बेनी नगरपालिका, म्याग्दी उद्योग वाणिज्य सङ्घ, बौद्ध युवा क्लबलगायतका सङ्घसंस्थाले ट्याङ्कर र ड्रममा पानी बोकेर बजारमा वितरण गरेका थिए। अन्य विकल्प तत्काल उपलब्ध नभएकाले बेनी-जोमसोम सडकको किनारैकिनार अस्थायी पाइपलाइन विस्तार गरी तिहारअघि राहुपारेबाट बेनीमा पानी ल्याउने तयारी गरिएको अध्यक्ष गिरीले बताउनुभयो। अल्पकालीन विकल्पका रूपमा रिठाखर्क मुहानको पानी आपूर्ति गर्ने तथा मङ्गलाघाटस्थित म्याग्दी नदी किनारमा लिफ्ट प्रविधिबाट पानी तानेर वितरण गर्ने वैकल्पिक स्रोत सञ्चालनका लागि पनि पहल भइरहेको उहाँले जानकारी दिनुभयो। अध्यक्ष गिरीका अनुसार बेनीमा खानेपानी आपूर्ति सहज बनाउन तत्कालीन योजनाका लागि रु १४ करोड ७० लाख र दीर्घकालीन योजनाका लागि रु ७० करोड आवश्यक पर्ने लागत अनुमान तयार पारिएको छ। गत साता बेनी आउनुभएका नेपाल सरकारका पूर्वाधारमन्त्री सुनिल लम्सालसमक्ष संस्थाका पदाधिकारीले खानेपानी आयोजना पुनर्निर्माण तथा सुधारका लागि बजेट व्यवस्था गर्न प्रस्ताव पेस गरेका थिए। मन्त्री लम्सालले तत्काल बजेट व्यवस्था गरी ठेक्कामार्फत बेनी खानेपानी योजनाको पुनर्निर्माण गरिने प्रतिबद्धता जनाउनुभएको थियो।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०७।११ गते

साविक स्काईजोन इन्टरनेशनल एजुकेशनल कन्सल्टेन्सी प्रा. लि. (दर्ता नं.: ३८१४२६/८२/८३) को मिति २०८३।०६।२२ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित स्काईजोन इन्टरनेशनल प्रा.लि. नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको मिति २०८३।०६।२६ को निर्णयानुसार स्वीकृति प्रदान गरिएकोले यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :
साविकको नाम : स्काईजोन इन्टरनेशनल एजुकेशनल कन्सल्टेन्सी प्रा. लि.
संशोधित नाम : स्काईजोन इन्टरनेशनल प्रा. लि.

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०७।११ गते

साविक हिमाराया इन्स्टिच्यूट प्रा.लि. (दर्ता नं.: ३५६८०४/८१/८२) को मिति २०८३।०६।०९ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व आदि सबै परिवर्तित निप्पोन काठमाण्डौं ल्याग्वेज सेन्टर प्रा.लि. नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौंको मिति २०८३।०६।१२ को निर्णयानुसार स्वीकृति प्रदान गरिएकोले यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :
साविकको नाम : हिमाराया इन्स्टिच्यूट प्रा. लि.
संशोधित नाम : निप्पोन काठमाण्डौं ल्याग्वेज सेन्टर प्रा. लि.